# <u>सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** सुरक्षित, स्तरीय, किफायती र भरपर्दो सडक सञ्जालको विकास गरी सामाजिक, सांस्कृतिक एवम् मनोवैज्ञानिक एकीकरण तथा गतिशील एवम् प्रतिस्पर्धी अर्थतन्त्रको निर्माण मार्फत् आर्थिक समृद्धि हासिल गर्नका लागि सबै किसिमका सार्वजनिक सडकहरूको वर्गीकरण गरी सडक आसपासका जग्गाको वैज्ञानिक तथा न्यायोचित विकाससँगै प्रभावकारी, दिगो, मितव्ययी तथा सुन्दर सडक र सडक संरचनाहरुको निर्माण, मर्मत, संभार, संरक्षण, विस्तार, सुधार तथा पुर्नस्थापना कार्यको जिम्मेवारी र दायित्व किटान गर्न समेत वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद—१
## <u>प्रारम्भिक</u>

1. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "**सार्वजनिक सडक ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

2. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले सम्बन्धित सडक कार्यालयको कार्यालय प्रमुखलाई सम्झनु पर्छ।

(ख) "ग्रामीण सडक" भन्नाले गाउँपालिकाभित्रका सङ्घीय तथा प्रादेशिक सडक सञ्जाल बाहेकका सडक सम्झनु पर्छ।

(ग) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, ईमारत, रुख, पोखरी र सोसँग स्थायी रूपले जोडिएको वस्तुलाई समेत जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "द्रुतमार्ग (एक्सप्रेसवे)" भन्नाले यातायात सञ्चालन निर्वाध रुपमा (अनइन्टरप्टेड) प्रवाह गर्ने उद्देश्यले तोकिएको प्राविधिक मापदण्ड अनुसार बनाइएको विशेष प्रकृतिको सडक सम्झनु पर्छ।

(च) "प्रादेशिक सडक सञ्जाल" भन्नाले सम्बन्धित प्रदेश भित्रका स्थानीय तहका प्रशासनिक केन्द्र, महत्वपूर्ण बजार क्षेत्र, पर्यटकीय स्थान वा अन्य महत्वका स्थानलाई प्रदेशको राजधानीसँग वा राष्ट्रिय राजमार्ग सँग जोड्ने मूल सडक, दुई वा दुईभन्दा बढी स्थानीय तह जोड्ने सडक तथा सम्बन्धित प्रदेश सरकारले तोकेको आफ्नो प्रदेश भित्रको सङ्घीय तथा स्थानीय सडक सञ्जाल बाहेकका सडक सञ्जाल सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार मातहतको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ज) "राष्ट्रिय राजमार्ग " भन्नाले दफा ४६ बमोजिम राष्ट्रिय राजमार्ग को सूचीमा समावेश हुने सडक सम्झनु पर्छ।

(झ) "शहरी सडक" भन्नाले सङ्घीय तथा प्रादेशिक सडक सञ्जालभित्र नपरेका महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका क्षेत्र भित्रका सडकलाई सम्झनु पर्छ।

(ञ) "सडक कार्यालय" भन्नाले सार्वजनिक सडकको निर्माण, मर्मत सम्भार, संरक्षण तथा विस्तार गर्ने दायित्व भएका सङ्घ, प्रदेश वा स्थानीय तह अन्तर्गतका सडक सम्बन्धी कार्यालय सम्झनु पर्छ।

(ट) "सडक चिन्ह तथा सूचक" भन्नाले जेब्रा क्रशिङ्ग, सडकका अविच्छिन्न तथा टुक्राटुक्रा धर्का, रङ पोतिएका तथा नपोतिएका संरचना, डिभाइडर वाल, ट्राफिक चिन्ह, ट्राफिक सङ्केत, ऐना, ट्राफिक बत्ती लगायतका यातायात सुचारु राख्न बनाइएका भौतिक तथा डिजिटल संरचना तथा सूचना सङ्केतलाई सम्झनु पर्छ।

(ठ) "सडक विभाग" भन्नाले नेपाल सरकार मातहतको सडक विभाग सम्झनु पर्छ।

(ड) "सडक संरचना" भन्नाले सार्वजनिक सडक, सोको दायाँ र बायाँको छेउ (शोल्डर), दायाँ र बायाँको पर्खाल, टेवा, बार तथा पार्किङ्ग लगायतका सडक सीमा भित्रका सडकसँग सम्बन्धित भौतिक तथा जैविक संरचना सम्झनु पर्छ।

(ढ) "सडक सीमा" भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ र बायाँ तथा सडक सतहभन्दा तल र माथि (भर्टिकल्ली) दफा ७ बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ण) "सङ्घीय सडक सञ्जाल" भन्नाले दफा ४६ बमोजिम तोकिएका सडकहरूको सञ्जाल सम्झनु पर्छ।

(त) "संरचना सीमा" भन्नाले सार्वजनिक सडकमा स्थायी संरचना निर्माण गर्न निषेध गरिएको सडक सीमाभन्दा बाहिरको सीमा (सेटब्याक) सम्झनु पर्छ।

(थ) "सवारी साधनको आकार" भन्नाले सवारी साधनको लम्बाई, चौडाई र उचाई तथा ह्विलबेशको नापलाई सम्झनु पर्छ र सो शब्दले सवारी साधनमा जोडिने लरी वा ट्रलीलाई समेत जनाउँछ।

(द) "सडक" भन्नाले कसैको निजी भोगचलनमा नरहेको सार्वजनिक सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकको पुल, कज्वे, कल्भर्ट, साइकल मार्ग, फुटपाथ, सडक किनाराको नाली, आकाशे पुल, अन्डरपास, सडक सीमाभित्र बनाइएका सबै किसिमका सडक संरचनाहरु तथा यातायात प्रयोजनका लागि बनाइएका सुरुङ्ग मार्ग, फ्लाई ओभर, भायडक्ट लगायतलाई समेत जनाउँछ।

(ध) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले तोकेको अधिकारी सम्झनु पर्छ र त्यसरी कुनै अधिकारी नतोकेकोमा प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

(न) "स्थानीय सडक" भन्नाले स्थानीय तहका वडा केन्द्रहरुलाई स्थानीय तहको केन्द्र वा मुख्य बजार क्षेत्र वा महत्वपूर्ण स्थल वा सङ्घीय सडक सञ्जाल वा प्रादेशिक सडक सञ्जालसँग जोड्ने सडक सम्झनु पर्छ।

(फ) "स्थानीय सडक सञ्जाल" भन्नाले सङ्घीय तथा प्रादेशिक सडक सञ्जाल बाहेकका स्थानीय तह अन्तर्गतका स्थानीय सडक, शहरी सडक, ग्रामीण सडक, कृषि सडक लगायतका सडकहरुको सञ्जाललाई सम्झनु पर्छ।

(ब) "सवारी साधनको वजन" भन्नाले सवारी साधनको कुल वजनलाई सम्झनु पर्छ र सो शब्दले उक्त सवारी साधनले बोकेको सामान तथा यात्रुको तौललाई समेत जनाउँछ।

**परिच्छेद—२**

## सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

3. **सार्वजनिक सडकको वर्गीकरण:-** (१) सार्वजनिक सडकलाई सडक सञ्जालको आधारमा देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछः-

(क) सङ्घीय सडक सञ्जाल :-

(१) द्रुतमार्ग (एक्सप्रेस वे)

(२) राष्ट्रिय राजमार्ग

(३) नेपाल सरकारले तोकेको सामरिक महत्वका अन्य सडक

(ख) प्रादेशिक सडक सञ्जाल:-

(१) प्रादेशिक राजमार्ग

(२) प्रादेशिक सडक

(ग) स्थानीय सडक सञ्जाल:-

(१) शहरी सडक

(२) ग्रामीण सडक

(२) उपदफा (१) बमोजिम वर्गीकृत सडकहरुको सेवा क्षेत्र, सडक सीमा, सवारी साधनको चाप र सडकको उपयोगको सम्बन्धमा नेपाल सरकारले आवश्यक प्राविधिक मापदण्ड बनाई लागू गर्नेछ।

(३) उपदफा (१) बमोजिमका सडकहरुमा प्रक्षेपण गरिएको सवारी साधनको प्रवाह (ट्राफिक फ्लो) को आधारमा मन्त्रालयले कार्यात्मक/प्राविधिक वर्गीकरण (फङ्सनल/टेक्निकल क्लासिफिकेसन) गरी लागु गर्न सक्नेछ।

4. **सङ्घीय सडक सञ्जाल:** (१) द्रुतमार्ग (एक्सप्रेस वे), राष्ट्रिय राजमार्ग र नेपाल सरकारले तोकेको सामरिक महत्वका अन्य सडक सहितको रणनीतिक महत्व भएका सडकहरुको एकीकृत सञ्जालको रुपमा सङ्घीय सडक सञ्जाल रहनेछ।

(२) सङ्घीय सडक सञ्जाल र सो सञ्जाल अन्तर्गतका सडकको निर्माण, स्तरोन्नति, मर्मत सम्भार, सञ्चालन, व्यवस्थापन तथा संरक्षणको दायित्व सडक विभागको हुनेछ।

(३) सङ्घीय सडक सञ्जालभित्रका सडकहरुको सेवा क्षेत्र, सडक सीमा, सवारी साधनको चाप र सडकको उपयोग सम्बन्धी व्यवस्था दफा ३ को उपदफा (२) बमोजिमको मापदण्डको आधारमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

5. **प्रादेशिक सडक सञ्जाल:** (१) सम्बन्धित प्रदेशभित्रका सङ्घीय सडक सञ्जाल र स्थानीय सडक सञ्जालभित्र नपरेका सडकहरुको एकीकृत सञ्जालको रुपमा प्रादेशिक सडक सञ्जाल रहनेछ।

(२) प्रादेशिक सडक सञ्जालको निर्धारण, निर्माण, मर्मत सम्भार, स्तरोन्नति, सञ्चालन, व्यवस्थापन तथा संरक्षणको दायित्व सम्बन्धित प्रदेश सरकारले तोकेको निकायको हुनेछ।

(३) प्रादेशिक सडक सञ्जालभित्रका सडकहरुको सेवा क्षेत्र, सडक सीमा, सवारी साधनको चाप र सडकको उपयोग सम्बन्धी व्यवस्था दफा ३ को उपदफा (२) बमोजिमको मापदण्डको अधीनमा रही सम्बन्धित प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

6. **स्थानीय सडक सञ्जाल:** (१) स्थानीय तह अन्तर्गतका शहरी सडक, ग्रामीण सडक लगायतका सङ्घीय तथा प्रादेशिक सडक सञ्जाल बाहेकका सडकहरुको सञ्जालको रुपमा स्थानीय सडक सञ्जाल रहनेछ।

(२) स्थानीय सडक सञ्जालको निर्धारण, निर्माण, मर्मत सम्भार, स्तरोन्नति, सञ्चालन, व्यवस्थापन तथा संरक्षणको दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(३) स्थानीय सडक सञ्जालभित्रका सडकहरुको सेवा क्षेत्र, सडक सीमा, सवारी साधनको चाप र सडकको उपयोग सम्बन्धी व्यवस्था दफा ३ को उपदफा (२) बमोजिमको मापदण्डको अधीनमा रही सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ।

**7.** <u>सडक सीमा र संरचना सीमाः</u> (१) सङ्घीय सडक सञ्जाल अन्तर्गतका सडकहरुको सडक सीमा देहाय बमोजिम हुने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्नेछ:-

(क) द्रुतमार्ग (एक्सप्रेस वे) को सडक सीमा सडकको केन्द्र रेखादेखि दायाँ र बायाँ दुवैतर्फ पचास-पचास मिटरसम्म तथा तल र माथि दुवैतर्फ पचास-पचास मिटरसम्म, संरचना सीमा दायाँ र बायाँ दुवैतर्फ छ-छ मिटर सम्म,

(ख) राष्ट्रिय राजमार्गको सडक सीमा सडकको केन्द्र रेखादेखि दायाँ बायाँ पच्चीस-पच्चीस मिटरसम्म, तल माथि दुवैतर्फ पच्चीस-पच्चीस मिटरसम्म र संरचना सीमा छ-छ मिटर सम्म।

(ग) (२) प्रदेश राजमार्गको सडक सीमा सङ्घीय सडक सञ्जालका सडकहरुसँग मेल खाने गरी सडकको केन्द्र रेखादेखि दायाँ र बायाँ दुवैतर्फ पच्चीस मिटरसम्म र संरचना सीमा  कम्तीमा तीन मिटर सम्म हुने गरी नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड अनुरुप सम्बन्धित प्रदेश सरकारले तोक्न सक्नेछ।

(घ) (३) स्थानीय सडक सञ्जालको सडकको सीमा सङ्घीय तथा प्रादेशिक सडक सञ्जालका  सडकहरुसँग मेल खाने गरी सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतर्फ अधिकतम पच्चीस मिटरसम्म र संरचना सीमा कम्तीमा एक मिटर पचास सेन्टिमिटर सम्म हुने गरी सम्बन्धित स्थानीय तहले तोक्न सक्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकका पुल तथा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि पुलको केन्द्र रेखाबाट नदीको माथिल्लो र तल्लो भेगतर्फ ५०० सय मिटरसम्मको सडक सीमा तोक्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम तोकिएको फासलाभित्र सङ्घीय सडक सञ्जालभित्रको पुलको हकमा सडक विभागबाट, प्रादेशिक सडक सञ्जालभित्रको पुलको हकमा सम्बन्धित प्रदेश सरकारले तोकेको निकायबाट र स्थानीय सडक सञ्जालभित्रको पुलको हकमा स्थानीय सरकारबाट अनुमति नलिई खानीजन्य उत्खनन् वा प्रशोधन सम्बन्धी कुनै क्रियाकलाप गर्न पाइने छैन।

तर सडक र पुलको संरक्षण वा सम्भारको लागि सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम तयार गरेको प्राविधिक प्रतिवेदनको आधारमा उपदफा (४) बमोजिम तोकिएको फासलाभित्र उत्खनन् गर्न सकिनेछ।

(६) कुनै सडकको कुनै खण्डमा भौगोलिक जटिलता वा अन्य प्राविधिक कारणबाट यस दफा बमोजिम तोकिएको सडक सीमा परिवर्तन गर्नु पर्ने भएमा नेपाल सरकारले त्यस्तो सडक सीमा हेरफेर गर्न सक्नेछ।

**8.** <u>**तोकिएको फासलाभित्र संरचना बनाउन निषेध गर्न सकिनेः**</u> (१) दफा ७ बमोजिम सडक सीमा तोकिएका सडकको हकमा संरचना सीमाको फासलाभित्र र सडक सीमा नतोकिएका सडकको हकमा सडकको किनाराबाट दफा ७ मा भएको संरचना सीमामा नघट्ने गरी सम्बन्धित सडक कार्यालयले सूचना प्रकाशित गरी तोकेको फासलाभित्र कसैले अस्थायी पर्खाल बाहेक भवन वा अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) निर्माण गर्न नपाउने तथा खानीजन्य उत्खनन् वा प्रशोधन लगायतका कुनै पनि क्रियाकलाप गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन सम्बन्धित सडक कार्यालयको आदेशले भत्काउन लगाई त्यस्तो बनौट वा भवन भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्ति वा संस्थाबाट भराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभन्दा बाहिर कुनै प्रकारको संरचना बनाउँदा वा निर्माण कार्य सञ्चालन गर्दा सडक संरचनालाई कुनै प्रकारको क्षति पुग्ने देखिएमा वा सवारी साधनको प्रवाहमा अवरोध हुने देखिएमा सम्बन्धित सडक कार्यालयको अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यमा रोक लगाउन आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको आदेश उल्लङ्घन गरेको कारणले सडक संरचनामा कुनै क्षति पुग्न गएमा त्यस्तो क्षति बराबरको रकम सडक कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थाबाट भराउन सक्नेछ।

9. **सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:** (१) सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त वा अन्य यातायातसँग सम्बन्धित सार्वजनिक संरचनाको निर्माणको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा सडक कार्यालयले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडक,बसपार्क, सर्भिस सेन्टर, टोल प्लाजा, तौल पुल, कार्यालय भवन, साइट क्याम्प जस्ता सार्वजनिक संरचनाको निर्माणको निमित्त आवश्यक पर्ने जग्गा प्राप्ति गर्न सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम विधि प्रयोग गर्न सक्नेछ।

(३) सार्वजनिक सडकको विस्तार तथा स्तरोन्नति गर्दा आवश्यकता अनुसार सडकको ज्यामिति (जियोमेट्री) सुधारको क्रममा केन्द्ररेखा परिवर्तन भई सडक सीमा बाहिरको जग्गा प्राप्त गर्नुपर्ने भएमा उक्त जग्गाको सोधभर्ना स्वरूप सट्टा जग्गा उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद -३

## सार्वजनिक सडकको रेखदेख, सम्भार र अन्य व्यवस्था

10. **अस्थायी रुपमा थप जग्गा अधिग्रहण गर्न सकिने:** (१) सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम सुरु भएदेखि सम्पन्न नभएसम्म देहायको कामको लागि सडक कार्यालयले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछ :-

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सरसामान, उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, कटेरो बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालू राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन,

(ग) त्यस्तो सडकको निर्माण, विस्तार, सुधार वा मर्मत सम्बन्धी कार्यको लागि प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गरी आवश्यक पर्ने स्थानीय निर्माण सामाग्री सङ्कलन र प्रशोधन गरी उपयोग गर्न।

(२) उपदफा (१) मा उल्लिखित कार्यको लागि अन्य विकल्प उपलब्ध नभएको अवस्थामा बाहेक देहाय बमोजिमको घर जग्गा अधिग्रहण गर्नु हुँदैन:-

(क) कुनै व्यक्तिले आफनो बासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा इमारत,

(ख) देवस्थल, विद्यालय, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई सम्भव भएसम्म अधिग्रहण गर्दाकै अवस्थामा फिर्ता गरी दिनु पर्नेछ।

**11.** **<u>अस्थायी रुपमा अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारण:</u>**(१) देहायको अवस्थामा बाहेक दफा १० बमोजिम जग्गा अधिग्रहण गर्दा कुनै क्षतिपूर्ति दिइने छैन :-

(क) कुनै घर, टहरा वा इमारत सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा इमारतको धनीले सो घर, टहरा वा इमारत उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछ:-

(क) सडक कार्यालय र सम्बन्धित जग्गाधनीको बीचमा सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता नभएकोमा मध्यस्थताद्वारा निर्धारण गरिनेछ र त्यसको प्रयोजनको लागि देहाय बमोजिमका मध्यस्थहरू रहनेछन्:-

(१) स्थानीय अधिकारी,

(२) भूमी प्रशासन सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि , र

(३) सम्बन्धित स्थानीय तहले तोकेको एकजना प्रतिनिधि।

**12.** **<u>सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेख :</u>**(१) सडक कार्यालयले वातावरणीय संरक्षण तथा सडक सौन्दर्यीकरणका लागि सार्वजनिक सडकको दायाँ बायाँ सडक सीमाभित्र सडक सुरक्षामा प्रतिकूल असर नपर्ने गरी रुख बिरुवा लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाएका रुख बिरुवाको रेखदेख र संरक्षण गर्ने कर्तव्य सो सडकसँग सम्बन्धित सडक कार्यालयको हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुख काँटछाँट गर्ने वा सडक मर्मत सम्भार वा विस्तार गर्दा त्यसलाई कटान गरी हटाउने अधिकार सम्बन्धित सडक कार्यालयको हुनेछ।

(४) सडक कार्यालयले यस दफा बमोजिम रुख बिरुवा लगाउने, संरक्षण गर्ने वा हटाउने कार्य तोकिए बमोजिम अन्य कुनै व्यक्ति, संस्था वा निकायद्वारा गराउन सक्नेछ।

**13.** **<u>वजनको हद निर्धारण गर्ने:</u>**(१) सङ्घीय सडक सञ्जाल अन्तर्गतका सडकहरुमा चल्ने मालवाहक सवारी साधनको वजनको हद नेपाल सरकारबाट स्वीकृत मापदण्ड तथा कार्यविधि अनुसार सडक विभागले तोकी त्यस्तो सडकमा त्यसरी तोकिएको हदभन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्नेछ।

(२) सङ्घीय सडक सञ्जाल अन्तर्गतका सडकमा आवश्यकता अनुसार सवारी साधनको वजन मापनको लागि तौल पुलको स्थापना र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको तौल पुलमा अनिवार्य रुपमा हरेक मालवाहक सवारी साधनले वजन यकिन गरी सडकमा सवारी चलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सवारीको वजन मापन गर्दा तोकिएको हदभन्दा बढी वजन भएमा उक्त बढी वजन तत्काल अनलोड गर्नु पर्नेछ। यसरी अनलोड गर्दा लाग्ने खर्च र अनलोड गरिएको वस्तुको सम्पूर्ण जिम्मेवारी सवारी साधन धनी स्वयमको हुनेछ।

(५) प्रादेशिक सडक सञ्जाल तथा स्थानीय सडक सञ्जाल अन्तर्गतका सडकहरुमा चल्ने मालवाहक सवारी साधनको हकमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सम्बन्धित प्रदेश तथा स्थानीय तहले वजनको हद निर्धारण गरी लागु गर्नेछन्।

**14.** **<u>सवारी साधनको आकारको हद निर्धारण गर्ने:</u>** नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार सडकमा चल्न सक्ने सवारी साधनको आकारको हद तोकी उक्त हदभन्दा ठूलो आकारको सवारी साधनलाई चलाउन नपाउने गरी निषेध गर्न सकिनेछ।

**15.** **<u>निषेध गर्न सक्ने:</u>** नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार विभागले सडक संरचनालाई क्षति पुऱ्याउने प्रकारका पाङ्ग्रा भएका विशेष किसिमका निर्माण मेशिन तथा अन्य उपकरणलाई सडकमा चलाउन निषेध गर्न सक्नेछ।

**16.** **<u>सडकमा घरपालुवा जनावर छाड्न नपाउने:</u>** कसैले पनि सडक सीमाभित्र कुनै प्रकारको घरपालुवा जनावर छाड्न पाउने छैन।

**17.** **<u>आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने:</u>** (१) सार्वजनिक सडकको निर्माण वा मर्मत सम्भारको लागि माटो, ढुङ्गा, बालुवा वा अन्य निर्माण सामग्री आवश्यक परेमा सडकलाई क्षति नपुग्ने गरी विभागको आदेश अनुसार सडक आसपासको कुनै जग्गाबाट आवश्यक परिमाणमा माटो, ढुङ्गा, बालुवा वा अन्य निर्माण सामग्री लिन सकिनेछ।

तर कुनै निजी स्वामित्वमा रहेको जग्गाबाट माटो, ढुङ्गा, बालुवा तथा अन्य निर्माण सामग्री लिनु परेमा सम्बन्धित जग्गाधनीको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा, बालुवा वा अन्य निर्माण सामग्री लिन सकिने छैन।

(२) उपदफा (१) बमोजिम माटो, ढुङ्गा वा बालुवा लिँदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्बन्धित सडक कार्यालयले सम्याउनु वा पुर्नु पर्नेछ।

(३) सडक कार्यालयले उपदफा (२) बमोजिम खाल्टो सम्याउन वा पुर्न नसकेमा त्यस्तो खाल्टो सम्याउन वा पुर्न लाग्ने रकम सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम माटो, ढुङ्गा, बालुवा वा अन्य निर्माण सामग्री लिँदा त्यस्तो जग्गामा रहेको कुनै बाली, रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा सडक कार्यालयले त्यस्तो नोक्सानी बापतको क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिनु पर्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सडक सीमाभित्र पर्ने रुख विरुवा, ढुङ्गा, गिट्टी, वालुवा तथा अन्य निर्माण सामग्री सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम उपयोग गर्न वा हटाउन सक्नेछ।

(६) सडक कार्यालयले सडक विस्तार, सुधार, स्तरोन्नति वा मर्मतको लागि उपदफा (५) बमोजिम सडक सीमाभित्रको रुख काट्दा वा हटाउँदा सम्बन्धित वन कार्यालय, स्थानीय तह र वन उपभोक्ता समितिलाई कार्ययोजनाको जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम हटाइएको वन पैदावार सम्बन्धित सडक कार्यालयले उपयोग गर्नुपर्ने नभएमा त्यस्तो वन पैदावार वन सम्बन्धी प्रचलित कानून बमोजिम प्रयोग गर्न सम्बन्धित वन कार्यालय वा स्थानीय तहको जिम्मा लगाउनेछ।

**18.** **<u>सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने मालवस्तु हटाउने अधिकार:</u>** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्ता मालवस्तु तुरुन्त हटाउनको निमित्त सरोकारवाला व्यक्ति वा संस्थाको नाउँमा सम्बन्धित सडक कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको पालना नभएको वा धनी पत्ता नलागेको मालवस्तुलाई सम्बन्धित सडक कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो मालवस्तुलाई सडकबाट तुरुन्त हटाउने अधिकार सम्बन्धित सडक कार्यालयलाई हुनेछ।

(४) उपदफा (१) बमोजिम सडकमा छाडेको वा राखेको मालवस्तु पन्छाउँदा वा उपदफा (3) बमोजिम कुनै काम कारबाही गर्दा सडक कार्यालयले गरेको खर्चको रकम त्यस्तो माल वस्तुको धनीबाट तोकिए बमोजिम भराई लिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको खर्च असुल उपर नहुन्जेलसम्म सडक कार्यालयले उपदफा (२) वा (३) बमोजिमको मालवस्तु रोक्का गरी राख्न सक्नेछ र त्यसरी रोक्का गरी राखेको एक महिनासम्म पनि त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो मालवस्तुको धनी पत्ता नलागेमा सो मालवस्तु सडक कार्यालयले प्रयोग गर्न वा प्रचलित कानून बमोजिम लिलाम गर्न सक्नेछ।

(६) उपदफा (१) मा उल्लिखित मालवस्तु बाहेक सार्वजनिक सडकको दायाँ, बायाँ, तल वा माथि रहेको कुनै प्राकृतिक वा कृत्रिम संरचनाले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको वा अवरोध हुन सक्ने देखिएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न त्यस्तो संरचनाको धनीको नाउँमा मुनासिब माफिकको म्याद तोकी सडक कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा तोकिएको कार्य सम्पन्न गर्न नसक्ने व्यक्तिले मनासिव कारण देखाई म्याद थपको लागि सडक कार्यालयमा निवदेन दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्न उपयुक्त देखिएमा सम्बन्धित सडक कार्यालयले एक पटकसम्म आवश्यक म्याद थप गरिदिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम थप गरिएको म्यादभित्र पनि आदेश बमोजिमको कार्य नगरेमा सडक कार्यालयले आफनो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारबाही गराउन सक्नेछ र उक्त कार्य गराउँदा लागेको खर्च सम्बन्धित पक्षबाट भराई लिन सक्नेछ।

**19.** **<u>स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:</u>**(१) सडक कार्यालयबाट स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडक वा सडक सीमाभित्र कुनै पूर्वाधार वा संरचना निर्माण गर्न, सडक सीमाभित्रको जग्गा आवादी गर्न, प्रयोग गर्न, जुनसुकै प्रयोजनको लागि सडक वा सडक सीमा खन्न वा यस्तै अन्य कुनै कार्य गर्न वा गराउन हुँदैन।

(२) सडक सीमाभित्र उपदफा (१) बमोजिमको कुनै कार्य गर्नुपर्ने भएमा तोकिए बमोजिम सडक कार्यालयबाट त्यस्तो कार्य गर्दा पालना गर्नुपर्ने शर्त, कार्यसम्पन्न गर्नुपर्ने अवधि तथा प्रस्तावित कार्यको डिजाइन र नक्सा सहितको स्वीकृति लिनु पर्नेछ।

(३) कुनै व्यक्ति वा निकायले उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरी वा प्राप्त स्वीकृतिको शर्त विपरीत हुने गरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा सडक कार्यालयले त्यस्तो व्यक्ति वा निकाय उपर यस ऐन बमोजिम कुनै कारबाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति प्राप्त नगरी निर्माण गरेको संरचना हटाउन वा सार्वजनिक सडकलाई साविकको अवस्थामा कायम गर्न मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्ति वा निकायको नाउँमा आदेश जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जारी भएको आदेश पालना नगरेमा सडक कार्यालयले त्यस्तो व्यक्ति वा निकायले निर्माण गरेको संरचना हटाई सार्वजनिक सडकलाई साविकको अवस्थामा कायम

गर्नेछ र सो बापत लागेको खर्च सम्बन्धित व्यक्ति वा निकायबाट सडक कार्यालयले असुल उपर गरी लिन सक्नेछ।

(५) सडक छेउमा पेट्रोल, डिजेल वा एल.पी.जी. ग्यास फिलिङ्ग स्टेशन, विद्युतीय चार्जिङ्ग स्टेशन, टोल प्लाजा, होटल, मोटल, रेस्ट रुम, साइट एण्ड सर्भिस प्लाजा, रिफ्रेसमेण्ट सेन्टर, ग्यारेज, ड्राइभिङ्ग सेन्टर, उद्योग, खानी वा कलकारखाना लगायतका संरचनाको स्थापना गर्न सडक सुरक्षा तथा आवगमनमा बाधा नपर्ने गरि तोकिए बमोजिम स्वीकृति लिएर गर्नु पर्नेछ।

(६) कसैले उपदफा (५) बमोजिम स्वीकृति नलिई सडक छेउ त्यस्तो संरचना वा व्यवसाय निर्माण वा सञ्चालन गरेमा वा प्राप्त स्वीकृतिको शर्त र मापदण्ड विपरीत हुने गरी निर्माण वा सञ्चालन गरेको पाइएमा सम्बन्धित सडक कार्यालयले त्यस्तो संरचना वा व्यवसाय तत्काल हटाउन वा बन्द गर्न आदेश जारी गर्नेछ र सो आदेश अनुरुप सम्बन्धित निमाणकर्ता वा संचालकले त्यस्तो संरचना वा व्यवसाय आफ्नै खर्चमा हटाउनु वा बन्द गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित निर्माणकर्ता वा सञ्चालकले त्यस्तो संरचना वा व्यवसाय नहटाएमा वा बन्द नगरेमा सम्बन्धित सडक कार्यालयले आफैं हटाई वा बन्द गरी सो गर्दा लागेको खर्च सम्बन्धित निमार्णकर्ता वा संचालकबाट भराउनेछ।

(८) सार्वजनिक सडक, सडक सीमा वा सडक छेउ कुनै संरचना निर्माण गर्न स्वीकृति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**20.** **<u>धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार :</u>** (१) दफा १९ बमोजिम कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्न वा भत्काउन स्वीकृति प्राप्त व्यक्ति वा निकायले खन्ने वा भत्काउने सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्च बराबरको रकम धरौटी तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ।

(२) सार्वजनिक सडक वा सडक सीमा खन्न वा भत्काउन स्वीकृति प्राप्त व्यक्ति वा निकायबाट दफा १९ को उपदफा (४) बमोजिम असुल उपर गर्नुपर्ने खर्च उपदफा (१) बमोजिमको धरौटीबाट कट्टा गर्न सकिनेछ।

**21.** **<u>स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा जोडिने गरी प्रवेश मार्ग बनाउन नहुने :</u>** (१) सार्वजनिक सडक वा सडक सीमासँग जोडिने गरी बनाइने प्रवेश मार्गको मापदण्ड सङ्घीय सडक सञ्जालभित्रका सडकको हकमा मन्त्रालयले, प्रदेश सडक सञ्जालको हकमा प्रदेश सरकारले र स्थानीय सडक सञ्जालको हकमा सम्बन्धित स्थानीय तहले बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बमोजिम सम्बन्धित सडक कार्यालयबाट स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडक वा सडक सीमासँग जोडिने गरी प्रवेश मार्ग बनाउनु हुँदैन।

(३) कसैले उपदफा (२) बमोजिम स्वीकृति नलिई वा प्राप्त स्वीकृतिको शर्त र मापदण्ड विपरीत हुने गरी सार्वजनिक सडक वा सडक सीमासँग जोडिने गरी प्रवेश मार्ग निर्माण गरेमा सम्बन्धित सडक कार्यालयले त्यस्तो प्रवेश मार्ग तत्काल बन्द गर्न सक्नेछ र बन्द गर्दा लागेको खर्च प्रवेश मार्ग निर्माण गर्ने व्यक्ति वा निकायबाट असुल गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम स्वीकृति नलिई वा प्राप्त स्वीकृतिको शर्त र मापदण्ड विपरीत प्रवेश मार्ग निर्माण गरेको कारण सार्वजनिक सडकलाई क्षति पुगेको वा भविष्यमा क्षति पुग्न सक्ने देखिएमा त्यस्तो क्षति रोक्न लाग्ने खर्च समेत निर्माणकर्तासँग सम्बन्धित सडक कार्यालयले असुल उपर गर्नु पर्नेछ।

**22.** **<u>सडक कार्यालयले खर्च भराउन सक्ने:</u>** (१) सार्वजनिक सडक वा सडक सीमाभित्र निर्माण गरिएका रेलिङ्ग, ट्राफिक चिन्ह वा सङ्केत वा सडक सुरक्षा सम्बन्धी अन्य संरचना कसैले भत्काए वा बिगारेमा सम्बन्धित सडक कार्यालयले त्यसरी भत्काउने वा बिगार्ने व्यक्ति वा संस्थाबाट त्यसको क्षतिपूर्ति तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम गर्नेछ।

## परिच्छेद—४
## विकास कर सम्बन्धी व्यवस्था

23. **विकास कर असुल उपर गर्न सक्ने :** (१) यो ऐन प्रारम्भ हुनुअघि निर्माण भईसकेको वा यो ऐन प्रारम्भ भएपछि नयाँ निर्माण गरी सञ्चालनमा आउने सङ्घीय, प्रादेशिक वा स्थानीय सडक सञ्जाल अन्तर्गत तोकिएका सडकको दायाँ वा बायाँ रहेको जग्गामा नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहले एक पटकको लागि विकास कर लगाउन सक्नेछ।

24. **विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन:** (१) विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ।

तर दफा ८ बमोजिम कुनै स्थायी बनौट वा भवन निर्माण गर्न निषेध गर्ने गरी तोकिएको फासलाभित्र पर्ने जग्गामा विकास कर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम खण्ड विभाजन गर्दा सडकको वर्गीकरण, कर लाग्ने जग्गाको भू-उपयोग, भौगोलिक अवस्थिति र उक्त स्थानको जनघनत्व समेतको आधारमा खण्डहरूमा विभाजन गरी विकास करको दर कायम गर्न सकिनेछ।

25. **विकास करको निर्धारण:** दफा ९ बमोजिम जग्गा प्राप्त गर्दा जुन क्षेत्र वा ईलाकामा त्यस्तो जग्गाको जे जति मुल्य कायम भई मुआब्जा दिइएको हो, त्यस्तो क्षेत्र वा इलाकामा सोही मुल्यको बढीमा पच्चीस प्रतिशतसम्म नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विकास करको दर निर्धारण गर्न सक्नेछ।

तर यो ऐन प्रारम्भ हुनु अघि निर्माण भई सञ्चालनमा रहेका सडकको हकमा तोकिए बमोजिम विकास कर निर्धारण हुनेछ।

26. **विकास कर बुझाउने अवधि र कार्यालय:** (१) यस ऐन बमोजिम बुझाउनु पर्ने विकास करलाई तोकिए बमोजिमको किस्ताबन्दीमा तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ।

तर आफूले बुझाउनु पर्ने जति विकास करको पूरै रकम कसैले एकमुष्ट बुझाउन चाहेमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(२) विकास कर बुझाउने म्याद तथा सो सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) तोकिए बमोजिमको विकास कर तोकिएको अवधिमा नबुझाएमा त्यस्तो जग्गामा कुनै क्रियाकलाप गर्नमा सम्बन्धित सडक कार्यालयले स्थानीय तहलाई जानकारी गराई रोक लगाई त्यस्तो जग्गाको बेचबिखनमा समेत प्रतिबन्ध लगाउन सिफारिश गर्न सक्नेछ।

27. **विकास कर नबुझाएमा मालपोत बाँकी सरह असुल गरिने:** (१) कसैले दफा २६ बमोजिमको म्याद भित्र विकास कर नबुझाएमा प्रचलित कानून बमोजिम मालपोत बाँकी राखे सरह कारबाही चलाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम विकास कर बाँकी राखेकोमा कारबाही चलाउँदा सम्बन्धित जग्गा लिलाम गर्नु पर्ने भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विकास कर लागेको जग्गालाई लिलाम बढाबढ गर्नु अघि भूमी प्रशासन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको स्वीकृति लिई मात्र लिलाम गर्नु पर्नेछ।

## परिच्छेद —५
## दण्ड सजाय र मुद्दाको कारबाही

28. **दण्ड सजाय:** (१) दफा ८ को उपदफा (१) को प्रावधान विपरीत कुनै स्थायी संरचना वा भवन निर्माण गरेमा पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ९ बमोजिम जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुल हुज्जत गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) कसैले दफा १२ बमोजिम लगाएको रुख उखेलेमा, काटेमा वा भाँचेमा क्षतिको मूल्याङ्कन गरी एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) दफा १३ को उपदफा (१) वा (३) विपरीत मालवाहक सवारी साधन चलाउने सवारी साधनको धनीलाई प्रति पटक तत्काल पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(५) दफा १४ बमोजिम तोकिएको भन्दा ठूलो आकारको सवारी साधन चलाएमा वा दफा १५ विपरीत सडक पेभमेन्ट तथा पुल आदि संरचनाहरुलाई क्षति पुऱ्याउने प्रकारका पांग्रा भएका निर्माण मेशिन तथा अन्य उपकरण सडकमा चलाएमा एक लाखरुपैयाँसम्म जरिवाना हुनेछ।

(६) दफा १६ विपरीत सडकमा कुनै प्रकारको घरपालुवा पशुपंक्षी छोडिएको पाइएमा पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(७) दफा १७ बमोजिम माटो, ढुङ्गा, बालुवा अन्य निर्माण सामग्री लिंदा बाधा विरोध गरेमा वा दफा १८ को वर्खिलाप कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(८) दफा १९ को उपदफा (१) अनुसार अनुमति नलिई ढल, पाइप, बिजुलीको पोल, तार वा अन्य बिछ्याउने वा सो सम्बन्धी कुनै कार्य गरेको पाइएमा दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(९) दफा १९ को उपदफा (४) अनुसार अनुमति नलिई त्यस्तो कुनै कार्य गरेको पाइएमा दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(१०) दफा १९ को उपदफा (५) अनुसार अनुमति नलिई त्यस्तो कुनै कार्य गरेको पाइएमा दश लाखरुपैयाँसम्म सम्म जरिवाना हुनेछ।

(११) दफा १९ को व्यवस्था कार्यान्वयन गर्दा कसैले बाधा विरोध वा हुल हुज्जत गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्मको कैद सजाय हुनेछ।

(१२) दफा २० को उपदफा (१) बमोजिम अनुमति प्राप्त पश्चात अनुमति प्राप्त गर्दाको बखत पेश गरिएको प्राविधिक दस्तावेज अनुरुप प्रवेश मार्ग निर्माण नगरेको पाइएमा सम्बन्धित सडक कार्यालयले दशलाख रुपैयाँसम्म जरिवाना गर्नेछ।

(१३) दफा २१ को उपदफा (४) विपरीत कार्य गर्नेलाई पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

29. **<u>मुद्दाको तहकिकात र दायरी</u> :** यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात सडक कार्यालयको कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि सडक कार्यालयको सम्बन्धित कार्यालय प्रमुखले दफा ३० बमोजिमको अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

30. **<u>कारवाही गर्ने अधिकार र त्यस उपरको पुनरावेदन</u> :** (१) दफा २८ बमोजिमको कसुरको सम्बन्धमा सजाय दिने अधिकार सङ्घीय सडक सञ्जालको हकमा सडक विभागका महानिर्देशक र प्रादेशिक तथा स्थानीय सडक सञ्जालको हकमा प्रदेश कानूनमा तोकिए बमोजिमको निकाय वा पदाधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्ने निकाय वा पदाधिकारीले प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको निर्णयको विरुद्ध पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-६
## विविध

31. **क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजूरी:** (१) दफा १७ को उपदफा (४) र दफा ३३ को उपदफा (२) बमोजिम दिइने क्षतिपूर्तिको रकम सडक कार्यालयले स्थानीय तहको सम्बन्धित वडाको अध्यक्ष वा सदस्यको उपस्थितिमा निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको पैंतीस दिनभित्र सम्बन्धित स्थानीय अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको उजुरीको सम्बन्धमा स्थानीय अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

32. **उजुर परेको कारणले जग्गा अधिग्रहण गर्न बाधा नपर्ने :** दफा ३१ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम जग्गा अधिग्रहण गर्न बाधा पर्ने छैन।

33. **सर्भेक्षण, अनुसन्धान तथा निरीक्षणका लागि प्रवेश गर्न सक्ने:** (१) सार्वजनिक सडक निर्माण गर्ने, सुधार गर्ने, मर्मत गर्ने लगायतका कुनै पनि सार्वजनिक सडक सम्बन्धी कार्यका लागि सार्वजनिक वा सामुदायिक वा निजी कुनै पनि जग्गा वा घर वा सम्पत्तिमा सम्बन्धित सडक कार्यालय वा सो कार्यालयले खटाएको टोलीले अग्रिम जानकारी दिई कुनै पनि समयमा प्रवेश गरी सर्भेक्षण, अनुसन्धान तथा निरीक्षण सम्बन्धी आवश्यक कार्यहरु गर्न सक्नेछ र आवश्यक पर्ने नमूना सङ्कलन, परीक्षण र सो सम्बन्धी कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा बाली नाली, बोट विरुवा वा अन्य कुनै चल / अचल सम्पत्तिमा हानि नोक्सानी हुन गएमा सो वापतको उचित क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

34. **सडक उपभोग दस्तुर लिन सक्ने:** तोकिए बमोजिमको मापदण्ड अनुरुपको सार्वजनिक सडक उपयोग गरे वापत सवारी साधनबाट तोकिए बमोजिमको सेवा शुल्क(टोल ट्याक्स) लिन सकिनेछ।

35. **निजी क्षेत्रको सहभागितामा सडक निर्माण, मर्मत, सञ्चालन र व्यवस्थापन गर्न सकिने:** (१) सावर्जनिक सडक निर्माण, स्तरोन्नति, मर्मत, सञ्चालन र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी अन्य कुनै उपयुक्त विधिको माध्यमबाट तोकिए बमोजिमको प्रकृयाद्वारा निजी क्षेत्रलाई सहभागी गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सडक मर्मत सम्भारको लागि सार्वजनिक- निजी साझेदारीको अवधारणा वा प्रतिफल तथा प्रभावमा आधारित विधि प्रयोग गर्दा सम्बन्धित सडक कार्यालयले एकै पटक लामो अवधिको लागि मर्मत गर्ने गरी पिबिएमसी (Performance Based Maintenance Contract ) मा आधारित ठेक्का प्रणाली वा अमानत वा अन्य कुनै उपयुक्त विधि अपनाउन सक्नेछ।

36. **युटिलिटी करिडोर निर्माण गर्न सक्ने र सेवा शुल्क लिन सक्ने:** द्रुत मार्ग तथा राष्ट्रिय राजमार्ग को क्षेत्राधिकारभित्र युटिलिटी करिडोर निर्माण गरी विद्युत, खानेपानी, ढल, टेलिफोन जस्ता सेवाका लागि तार, पाइप वा अन्य कुनै संरचनाका लागि तोकिए बमोजिमको सेवा शुल्क लिई कुनै सार्वजनिक वा निजी संस्थालाई प्रयोग गर्न दिन सक्नेछ।

37. **सडक सीमाभित्र भएका पोल वा अन्य संरचनाको उपयोगबाट सेवा शुल्क लिन सक्ने:** सडक सिमाभित्र तोकिए बमोजिम अनुमति लिई सार्वजनिक सेवाका संरचनाका लागि सार्वजनिक वा निंजी संस्थाद्वारा निर्माण गरिएका पोल वा कुनै संरचनाको अन्य कुनै सार्वजनिक वा निजी संस्थालाई उपयोग गर्न दिने वा नदिने अधिकार र उपयोग वापतको सेवा शुल्क लिने अधिकार सम्बन्धित सडक कार्यालयको हुनेछ।

38. **बन्द, हडताल गर्नमा बन्देज लगाउने:** द्रुतमार्ग र राष्ट्रिय राजमार्गको सेवा सञ्चालनमा अवरोध हुने गरी बन्द, हडताल, आमसभा, जुलुस, हुलहुज्जत जस्ता कुनै पनि गतिविधि गर्न पाइने छैन। दण्ड सजायमा समावेस गर्नु पर्ने) र यो बुदा हटाउने

39. **चक्लाबन्दी (ल्याण्ड पुलिंग)को अवधारणामा वा योगदानमा आधारित प्रणालीबाट सडक विकास गर्न सकिने:** सार्वजनिक सडक निर्माण गर्दा तोकिए बमोजिमको क्षेत्रमा ल्याण्ड पुलिंगको अवधारणामा वा योगदानमा आधारित प्रणालीबाट तोकिए बमोजिम सडक विकास तथा विस्तार गर्न सकिनेछ।

40. **करिडोर निर्माण गर्न सक्ने:** नेपाल सरकारले द्रुतमार्ग र राष्ट्रिय राजमार्ग निर्माण गर्दा औद्योगिक वा व्यापारिक वा कृषि करिडोर निर्माण गर्न सक्नेछ। त्यस्ता करिडोरमा सेवा शुल्क लिई वा नलिई तोकिए बमोजिम उपयोग गर्न / गराउन सकिनेछ।

41. **सार्वजनिक सडकको सेवा बन्द गर्न सक्ने:** सडकको मर्मत सम्भार, स्तरोन्नति वा सुधार सम्बन्धी कार्य गर्नु पर्ने भएमा वा सुरक्षा संवेदनशिलता वा अन्य कुनै कारणले सम्बन्धित सडक कार्यालयले कम्तीमा बाह्र घण्टा अघि सार्वजनिक सूचना जारी गरी निश्चित अवधिका लागि सार्वजनिक सडकको सम्पूर्ण सेवा बन्द गर्न सक्नेछ।

तर कुनै विपद्को कारणले तत्काल सार्वजनिक सडक बन्द गर्नु बाहेक अन्य विकल्प नभएको अवस्थामा सार्वजनिक सडक आकस्मिक रुपमा बन्द गर्न बाधा पर्ने छैन।

42. **सडक छेउमा उद्योग, कलकारखाना निर्माण र सञ्चालन गर्न नपाइने:** सङ्घीय सडक सञ्जालको हकमा मन्त्रालयले, प्रादेशिक सडक सञ्जालको हकमा सम्बन्धित प्रदेशले र स्थानीय सडक सञ्जालको हकमा सम्बन्धित स्थानीय तहले त्यस्तो सडक सञ्जालको दायाँ र बायाँ तोकिए बमोजिमको सिमासम्म उद्योग वा कलकारखाना सञ्चालन गर्न नपाउने गरी मापदण्ड बनाई लागू गर्न सक्नेछन्।

43. **सवारी साधन सञ्चालनको मापदण्ड तोक्न सक्ने:** (१) सडक कार्यालयले सार्वजनिक सडकको संरचना र सुरक्षाका आधारमा त्यस्तो सडकमा सञ्चालन गर्न सकिने सवारी साधनको प्रकार तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधनको प्रकार तोक्न मन्त्रालयले मापदण्ड बनाई लागू गर्नेछ।

44. **क्षेत्राधिकार भित्रको जग्गा भाडा (लिजिंग) मा दिन सक्ने:** सडकको क्षेत्राधिकार भित्रको जग्गा नेपाल सरकारले सेवा शुल्क लिई तोकिए बमोजिम लिजिंग गर्न सक्नेछ।

45. **निर्माण सामाग्री उत्खनन र प्रयोग गर्न सक्ने:**(१) सार्वजनिक सडक निर्माण तथा मर्मत सम्बन्धी कार्यको लागि स्थानीय कर तिरी सम्बन्धित सडक कार्यालयले स्थानीय निर्माण सामग्री उत्खनन, प्रशोधन र उपयोग गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा अन्यत्र जुनकुनै व्यवस्था भए तापनि उपदफा (१) बमोजिमको स्थानीय निर्माण सामाग्रीका लागि सम्बन्धित स्थानीय तहमा कर तिरिसके पश्चात ढुवानी वा प्रयोगको सिलसिलामा अन्य कुनै स्थानीय तह वा प्रदेश सरकार वा सङ्घीय सरकारले अन्य कुनै कर वा शुल्क लिन पाउने छैन।

46. **राष्ट्रिय राजमार्ग को मापदण्ड:** राष्ट्रिय राजमार्ग सूचीमा समावेश गर्नको लागि निम्न बमोजिमको कम्तिमा एक मापदण्ड पुरा गरेको हुनु पर्दछः-

(क) देशको पूर्व-पश्चिम वा उत्तर-दक्षिण दुईवटा अन्तर्राष्ट्रिय सिमानासम्म फैलिएका मूल सडक,

(ख) सङ्घीय राजधानी वा प्रादेशिक राजधानीलाई अन्तर्राष्ट्रिय सिमासँग जोडने मूल सडक वा मूल सडकको खण्ड,

(ग) दुई वा दुईभन्दा बढी प्रदेश जोड्ने मूल सडक,

(घ) प्रदेश राजधानीहरुलाई एक आपसमा वा सङ्घीय राजधानीसँग जोडने मूल सडक,

(ङ) पूर्व पश्चिम वा उत्तर-दक्षिण राजमार्ग बाट प्रादेशिक राजधानीहरु तथा सङ्घीय राजधानी जोड्ने छोटो दुरीको द्रुत मार्ग,

(च) राष्ट्रिय राजमार्ग बाट जिल्ला सदरमुकाम जोडने मुख्य सडक,

(छ) राष्ट्रिय राजमार्ग को वैकल्पिक मार्गको रुपमा प्रयोग गर्न सकिने सडक खण्ड,

(ज) राष्ट्रिय सुरक्षाको हिसाबले रणनीतिक महत्व बोकेका सडक,

(झ) धार्मिक वा साँस्कृतिक वा पर्यटकीय हिसाबले रणनीतिक महत्व बोकेका ऐतिहासिक स्थललाई राष्ट्रिय राजमार्ग सँग जोडने मूल सडक,

(ञ) औद्योगिक, खानी तथा जलविद्युत गृह पहुँच वा अन्य महत्वका स्थानहरुलाई राष्ट्रिय राजमार्ग सँग जोडने मूल सडक,

(ट) यातायातको अन्तर माध्यम (इन्टर मोडेल) जोड्ने सडक,

(ठ) प्रदेश सरकारले सडकको क्षेत्राधिकार लगायतका निर्धारित मापदण्ड पूरा गरी सङ्घीय सडक सञ्जालमा समावेश गर्न सिफारिस गरी सङ्घीय सरकारले स्वीकार गरेका सडक।

47. **राष्ट्रिय राजमार्ग को सूची:** राष्ट्रिय राजमार्ग को सूची यो ऐनको अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

48. **अधिकार प्रत्यायोजन:**यस ऐन बमोजिम सडक विभाग वा अन्य सडक कार्यालयलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार नेपाल सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

49. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी सो नियमद्वारा खासगरी देहाय बमोजिमका लगायत अन्य आवश्यक व्यवस्था गर्न सकिनेछ:-

(क) सडक वर्गीकरण, सडक सीमा,सडक छेउका सार्वजनिक यातायात सेवासँग सम्बन्धित पूर्वाधार विकास निर्माण तथा निंजी लगानी सम्बन्धी,

(ख) सडक तथा यातायात सेवासँग सम्बन्धित प्राविधिक मापदण्ड सम्बन्धी,

(ग) सडक सीमा वा त्यसरी किनारामा भौतिक संरचना निर्माण सम्बन्धमा,

50. **कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्ने:** (१)नेपाल सरकारले सार्वजनिक सडक सम्बन्धी कार्यविधि बनाई लागू गर्नेछ।

(२)यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले देहायका विषयमा मापदण्ड बनाई लागू गर्न सक्नेछ;

(क) बालीनाली, बोटबिरूवा, रूख तथा अन्य चीज वस्तुको नोक्सानी बापत क्षतिपूर्ति निर्धारण गर्ने आधार,

(ख) सार्वजनिक सडकतर्फ खुल्ने वा निस्कने गरी कुनै कुराको निर्माण गर्दा वा राख्दा पालन गर्नु पर्ने शर्तहरू,

(ग) सार्वजनिक सडकको दायाँ बायाँ कुनै ढोका वा गेट वा बाटो बनाउँदा पालन गर्नु पर्ने शर्त,

(घ) सार्वजनिक सडक वा सडक सीमाको माथि वा किनारामा राखिने तार वा अन्य यस्तै चीज वस्तुको उचाइँ र राख्ने तरीका तोक्ने,

(ङ) मन्त्रालयले आवश्यक ठानेका अन्य कार्यविधिगत विषय।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यविधि र मापदण्ड संघ, प्रदेश, स्थानीय तह र सरोकारवाला सबैले पालना गर्नुपर्नेछ।

51. **<u>सहयोग गर्नु पर्ने</u>:** यस ऐनको कार्यान्वयनको लागि सडक विभाग वा सम्बन्धित सडक कार्यालयलाई सहयोग गर्नु स्थानीय प्रशासन, स्थानीय तह तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ।

52. **<u>अनुसूची हेरफेर गर्न सक्ने</u>:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

53. **<u>खारेजी र बचाउ :</u>** (१) सार्वजनिक सडक ऐन, २०३१ खारेज गरिएको छ।

(२) सार्वजनिक सडक ऐन, २०३१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ४७ सँग सम्बन्धित)

राष्ट्रिय राजमार्ग को सूची

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 1. | NH01 | पूर्व पश्चिम (महेन्द्र) राजमार्ग | १०२८ |
| 2. | NH02 | केचना-चन्द्रगढी-चारआली-इलाम-फिदिम, गणेशचोक -ताप्लेजुङ्ग-ओलाङचुङ्गोला (मेची राजमार्ग) | ३५२ |
| 3. | NH03 | पुष्पलाल (मध्य पहाडी ) राजमार्ग | १७८७ |
| 4. | NH04 | विर्तामोड-चन्द्रगढी-भद्रपुर-मेची पुल | १५ |
| 5. | NH05 | हुलाकी राजमार्ग | १०१६ |
| 6. | NH06 | चतरा-मुलघाट-माझीटार-अमरापुरडाँडा-गणेशचोक (तमोर करीडोर) | १३५ |
| 7. | NH07 | पकली-नयाँ कोशिपुल-रुपनगर, पकली-नदाहा-कोशीपुल-चतरा | ६६ |
| 8. | NH08 | रानी-विराटनगर-इटहरी-धरान-धनकुटा-हिले, लेघुवाघाट-तुम्लिङ्गटार-खाँदवारी-नुम-किमाथाङ्का (कोशी राजमार्ग) | ३२० |
| 9. | NH09 | मदन भण्डारी राजमार्ग (मेचिडाँगी चोक - बाहुनडाँगी-शान्तिनगर-मधुमल्ला-केराबारी-धरान-चतरा-गाईघाट-कटारी-सिन्धुलीमाडी-हेटौंडा (महेन्द्र राजमार्ग), गैंडाकोट-रामपुर-राम्दी-रिडी-तम्घास-सिमलटारी-सौतामारे-मच्छी - बिजुवार-चकचके-खुंग्री-लिवांग - घर्तिगाउँ-सुखाओडार-पातीहाल्ने- थारमारे - सितलपाटी-सल्यान खलंगा- कुभिन्डे दह - बालुवा संग्रही-बोटेचौर-भेडावारी-धुलियाबिट-विरेन्द्रनगर (सुर्खेत) - बड्डीचौर - वि.पि. नगर - जोराइल - बुडर -जोगबुढा-रुपाल ) | १३९० |
| 10. | NH10 | देउराली-मुढे-चैनपुर-बोहराटार | ९२ |

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 11. | NH11 | फिकल-श्रीअन्तु-छविसे ईलाम | १९ |
| 12. | NH12 | घुर्मी-चतरा-उदयपुर | १६३ |
| 13. | NH13 | वर्दिवास-सिन्धुली-खुर्कोट-धुलिखेल (वि.पी. राजमार्ग) | १६० |
| 14. | NH14 | गाईघाट-माहुली खोला-रुपनी-कुनौली-राजविराज-छिन्नमस्ता निउर, कुनौली राजविराज कञ्चनपुर बेरियर-फत्तेचौर-बसाहा उदयपुर | १०० |
| 15. | NH15 | ग्वार्को-लुभु-लाकुरीभन्ज्याङ्ग-कुशादेवी-पनौती-दाहालटार | १२८ |
| 16. | NH16 | ठाँडी-भगवानपुर-लहान, कदमाहचोक-गाईघाट-महुरे-खार्पा-सोलु | १४४ |
| 17. | NH17 | नौविसे-मुग्लिन-पोखरा (पृथ्वी राजमार्ग) | १७३ |
| 18. | NH18 | बालाजु-त्रिशुली-धुन्चे-स्याफ्रुवेशी | ६५ |
| 19. | NH19 | रिडी-बालकोट-हंसपुर-प्युठान, प्युठान-सुर्खेत सडक | २२० |
| 20. | NH20 | माडर-चौराहवा, गोलबजार सिरहा साँघुरे उदयपुर, मिर्चैया-कटारी-घुर्मी, हिलेपानी-ओखलढुगां-सल्लेरी | १९३ |
| 21. | NH21 | सितापाईला-धार्के | २४ |
| 22. | NH22 | ढल्केवर-जनकपुर-जटही, धोरघाँस-निमचौर-थलहीघाट-अकराहरघाट | ४८ |
| 23. | NH23 | दिक्तेल-सोलु-जुनवेसीं-खहरे-जिरी बजार-तामाकोशी-चरीकोट-खाडीचौर | २९१ |
| 24. | NH24 | लालगड-रानीबास (आर. टि. ओ. रोड)-विषमत-बाहुनमारा-वि.पी. राजमार्ग | २९ |
| 25. | NH25 | डुम्रे-बेशीसहर-चामे | १०८ |

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 26. | NH26 | जमुनिवास-बटेश्वर-शान्तिपुर-कुर्था-जनकपुर | १९ |
| 27. | NH27 | सितलपाटी सल्यान कुभिन्डे वालुवा संग्रही | ४० |
| 28. | NH28 | भिट्टामोड-जलेश्वर-वर्दिवास, खुर्कोट-मन्थली-तामाकोशी-सिंगटी-लामाबगर-लाप्चेगाँऊ | २८१ |
| 29. | NH29 | कंचनवन-जानकी मेडिकल कलेज-मिथिलेश्वर सवैला-सिराहा-नक्टाझिज-रामलक्ष्मणचोक-हेल्थपोष्ट महेन्द्र राजमार्ग | ३० |
| 30. | NH30 | जनकपुर(मुजेलिया)-धनुषाधाम-धारापानी रामायण सर्किट, तारापट्टी-पथरा म.रा.मा. पुष्पलपुर | ३६ |
| 31. | NH31 | दोलालघाट चौतारा | २५ |
| 32. | NH32 | नवलपुर-मलंगवा-शोनवर्षा | ३० |
| 33. | NH33 | निजगढ-काठमाण्डौं | ७६ |
| 34. | NH34 | काठमाण्डौं-धुलीखेल-दोलालघाट-खाडीचौर-कोदारी (अरनिको राजमार्ग) | ११२ |
| 35. | NH35 | पिलुहवा-मानमत-कलैया-मर्टिहवा | २५ |
| 36. | NH36 | चन्द्रनिगाहपुर गौर | ४५ |
| 37. | NH37 | हेटौडा-वागमती-टिकाभैरव-भैसेपाटी-एकान्तकुना (कान्ती राजपथ) | ८६ |
| 38. | NH38 | काठमाण्डौ बाहिरि चक्रपथ | ६८ |
| 39. | NH39 | काठमाण्डौ चक्रपथ | २७ |
| 40. | NH40 | सामाखुशी-टोखा-गुर्जे-विदुर | २६ |
| 41. | NH41 | सिर्सिया-पथलैया, हेटौडा-भैंसे-पालुङ-नौविसे-काठमाडौ (त्रिभुवन राजपथ) | १५५ |
| 42. | NH42 | ठोरी-भण्डारा-मलेखु, गल्छी-त्रिशुली-वेत्रावती-मैलुङ-स्यफ्रुवेसी-रसुवागढी | १९७ |

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 43. | NH43 | मलेखु धादिङ सल्यानटार | ५७ |
| 44. | NH44 | ठोरी-भरतपुर-मुग्लिङ, आँवुखैरेनी-गोरखा-घ्याम्पेसाल, आरुघाट-सिर्दिवास-रोईला भञ्याङ | ३०० |
| 45. | NH45 | खैरनीटार भिमाद कावासोती | १०६ |
| 46. | NH46 | भुमही-परासी | ९ |
| 47. | NH47 | बेलहिया-भैरहवा-बुटवल-वर्तुङ-राम्दी-स्याङ्जा-पोखरा (सिद्धार्थ राजमार्ग) | १८४ |
| 48. | NH48 | तानसेन-रिडी-कोरला | २५४ |
| 49. | NH49 | वर्तुङ तानसेन रिडी वामीटक्सार खर्वाङ | ९८ |
| 50. | NH50 | जितपुर-तौलिहवा-खुनुवा | ३० |
| 51. | NH51 | तौलिहवा गोरुसिंगे सन्धिखर्क | ८३ |
| 52. | NH52 | कऋहवा (भारत सिमा)-रुद्रपुर, सालझण्डी-सन्धीखर्क-देवीस्थान, वुर्तीवाङ्ग-ढोरपाटन | २२२ |
| 53. | NH53 | भालुवाङ लिवाङ रोल्पा माडीचौर दारबोट | १३० |
| 54. | NH54 | कोईलावास-लमही, अर्जुनखोला-घोराही-होलेरी-घर्तिगाँऊ-थवाङ-लुकुम (शहिद मार्ग) | २११ |
| 55. | NH55 | अमेलिया-तुल्सिपुर-शितलपाटी-थारमारे-मुसीकोट ( राप्ती राजमार्ग) | १६९ |
| 56. | NH56 | थारमारे-चौरजहारी-जाजरकोट खलंगा-जुम्ला कुँडारी-मुगु रारा (रारा राजमार्ग) | २६३ |
| 57. | NH57 | छिन्चु-कुदु-जाजरकोट-दुनै-धो-तिन्जे-मरिम (भेरी करीडोर) | ३१७ |
| 58. | NH58 | जमुनाहा-नेपालगंज-कोहलपुर-सुर्खेत-खुलालु-हिल्सा (कर्णाली राजमार्ग) | ५३८ |

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 59. | NH59 | मुर्तिया (भारतीय सीमा)-गुलरिया-भुरीगाँऊ-तेलपानी-सुर्खेत-माथिल्लो डुङ्गेश्वर-बैंक-बयुली नाग्मा सडक | १५४ |
| 60. | NH60 | सुर्खेत-दैलेख-महावुलेख-गाल्जे, नाग्मा-गमगढी-नाक्चेलाग्ना | ३०२ |
| 61. | NH61 | सुर्खेत तल्लो डुङ्गेश्वर-सातखम्बा-दुल्लु-पिपलकोट-खुलालु-मान्मा-नाग्मा-जुम्ला सडक | १६८ |
| 62. | NH62 | खकरौला-टिकापुर-लम्कि-लोडेघाट-बयलपाटा, साँफेवगर-चैनपुर | २२८ |
| 63. | NH63 | साँफेवगर-मार्तडी-कोल्टी | १११ |
| 64. | NH64 | खोड्पे-चैनपुर (बझाङ) | १०८ |
| 65. | NH65 | खुटिया-दिपायल-चैनपुर-उरै भञ्याङ | २९६ |
| 66. | NH66 | धनगढी-सहजपुर-वुडर-स्याउले, सतबाँझ-थाकतोली-दार्चुला-टिङ्कर | ३५० |
| 67. | NH67 | चाँदनी-भिमदत्त-ब्रह्मदेव-पञ्चेश्वर-झुलाघाट | २०१ |
| 68. | NH68 | भिमाद-रामपुर-मित्याल-आरुङ खोला | ८० |
| 69. | NH69 | जगत भन्ज्याङ्ग-मण्डलीथान-केवरे भन्ज्याङ्ग-बारीकुना-किसान-चापाकोट-गजरकोट सडक | ४२ |
| 70. | NH70 | सेती दोभान-वेजाङ-पाँचमूल-आरुचौर घण्टे देउराली | ४६ |
| 71. | NH71 | भालुवाङ-नुवाकोट-खनदह-खरवाङ | १७० |
| 72. | NH72 | दुम्कीवास बहुवन त्रिवेणी | २३ |
| 73. | NH73 | सुरुंगा-शर्नामति-टंगानडुब्बा हुँदै लसुनगंज, झापा | २५ |
| 74. | NH74 | ईलाम (बिप्लाटे)-माईपोखरी-सन्दकपुर, ईलाम | ५० |

| सि. नं. | राजमार्ग संकेत नं. | सडकको नाम | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| 75. | NH75 | स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु-सल्लेरी-खोटाङ्ग-दिक्तेल-ओखलढुंगा) | १३५ |
| 76. | NH76 | दमक-चिसापानी-रवि | ४४ |
| 77. | NH77 | भरतपुर महानगरीय वृहत चक्रपथ | १०५ |
| 78. | NH78 | दमक न.पा.चक्रपथ | १०० |
| 79. | NH79 | गोदार (धनुषा) चिसापानी-मैनावती-कालापनी-दुधौली-सिन्धुली | २० |
| 80. | NH80 | महेन्द्र राजमार्ग बस्तीपुर (सिराहा) वि.पी. क्यान्सर अस्पताल-बेलसोत-कटारी, उदयपुर | ३० |